"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, तेह्रथुम

पत्र सङ्ख्या: २०८०/०८१
सूचना नं.: ६३

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२०
**दोश्रो पटक प्रकाशित मितिः २०८०/१०/०७**
**तेश्रो पटक संशोधन सहित प्रकाशित मितिः २०८०/१०/२५**

## राष्ट्रिय अभियान सञ्चालन गर्न प्रशताव आव्हान गरिएको सूचना !

छथर गाउँपालिका शुक्रवारे तेह्रथुमले राष्ट्रिय अभियानका माध्यमबाट समुदायलाई चेतनशिल, स्वच्छ र उन्नत बनाउन ध्यान केन्द्रित गर्दै तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ तथा नियमावली २०६४ को नियम ९९ बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको हुँदा इच्छुक योग्यता पुगेका प्रस्तावदाता तथा गैर सरकारी संस्थाहरुलाई सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र प्रस्ताव पेश गर्न हुन जानकारी गराईन्छ ।

**तपशिलः**

**१. कार्यक्रमः**

क) पूर्ण सरसफाई अभियान छथर गा. पा. वडा नं. ४, ५ र ६ मा (भौतिक समेत-ट्वाईलेट, प्यान, खानेपानी धारा आदि ।)
ख) वालमैत्री स्थानीय शासन (सबै ३ वटै वडामा निरन्तरता)
ग) घर भित्रको धुँवा मुक्त अभियान निरन्तरता (धुँवा रहित चुलो आदी)

**२. कार्यक्रमको उद्देश्य तथा मापदण्ड**

क) नेपाल सरकारले जारी गरेको पूर्ण सरसफाई मार्गदर्शन २०७३ को उद्देश्य बमोजिम आ. व. २०८०/०८१ को जेष्ठ मसान्त भित्र वडा नं. ४, ५ र ६ मा पूर्ण सरसफाईको काम गर्ने ।
ख) वालवालिका सम्बन्धि ऐन २०७५, वालमैत्री स्थानीय शासन कार्यविधि २०६८ बमोजिम आ. व. २०८०/०८१ को जेष्ठ मसान्त भित्र गाउँपालिकालाई वालमैत्री स्थानीय शासन अनुकुल गा. पा. घोषणाका लागि आवश्यक कार्य गर्ने ।
ग) घर भित्रको धुँवा मुक्त अभियान ३ वटै वडामा अभियानको रुपमा सञ्चालन गरी घोषणा गर्न योग्य बनाउनु पर्नेछ ।

**३. संघ संस्थाको योग्यता**

क) नेपाल सरकारको कुनै निकायमा दर्ता भएको हुनुपर्नेछ ।
ख) चालु आ. व. २०८०/२०८१ सम्म वैधानिकता कायम रहने गरी नवीकरण भएको हुनु पर्ने छ ।
ग) प्रस्ताव आव्हान गरेको मिति सम्ममा संस्था दर्ता भएर सो सम्बन्धि काम गरेको २ वर्ष पूरा गरेको हुनु पर्नेछ ।
घ) संस्था मू. अ. क. मा दर्ता भई आ. व. २०७९/०८० सम्मको कर चुक्ता गरीसकेको र लेखापरीक्षण समेत गराएको वा सो को लागि आधिकारिक रुपमा कानून बमोजिम म्याद थप भएको हुनु पर्नेछ ।
ङ) पूर्ण सरसफाईको हकमा खानेपानी तथा सरसफाईको क्षेत्रमा काम गरेको संस्थालाई प्राथमिकता दिईने छ । साथै घर भित्रको धुँवा मुक्त अभियानको हकमा सो सम्वन्धि काम गरेको संस्था हुनुपर्ने छ ।

**४. प्रश्ताव आव्हान सम्बन्धि व्यवस्थाः**

क) कार्यक्रम यहिँ मिति २०८० फागुन १५ गतेबाट सुरु गरिसक्नुपर्नेछ ।
ख) बजेटको सीमा रु. २०,००,०००/- (बीस लाख रुपैयाँ मात्र) हुने छ । यस रकमबाट नेपाल सरकारको नियमानुसार लाग्ने कर बुझाउनुपर्नेछ ।
ग) चालु आ. व. २०८०/०८१ मा माथि लेखिएका सर्त तथा अभियानहरु पूरा गर्नु पर्नेछ ।
घ) संयुक्त रुपमा प्रस्ताव पेश गर्ने संस्थाहरुले प्रत्येक संस्थाको कार्य जिम्मेवारी स्पष्ट गरी पेश गर्नु पर्ने छ ।
ङ) सूचना दोश्रो पटक प्रकाशन गरिएको मितिबाट ७ औं दिन सम्ममा कार्यालय समय भित्र प्रश्ताव पेश गर्नु पर्ने छ । यदि सो दिन विदा परेमा कार्यालय खुलेको अर्को दिन कार्यालय समय भित्र पेश गर्न सकिने छ ।
च) प्रश्ताव पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको ठिक २:०० वजे प्राविधिक प्रश्ताव खोलिने छ । यसमा प्रस्तावक संस्थाका जिम्मेवार प्रतिनिधि उपस्थित हुनुपर्ने छ तर निजहरु उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
छ) प्राविधिक प्रश्तावको मूल्याङ्कन भएपछि ५० प्रतिशत भन्दा बढि अङ्क ल्याउने संस्थाहरुको आर्थिक प्रश्ताव खोलिने छ ।
ज) प्राविधिक प्रश्तावको अङ्कभार ८० र आर्थिक प्रश्तावको अङ्कभार २० मात्र रहनेछ । साथै कुनै विवाद उत्पन्न भएमा अन्तिम निर्णय गर्ने अधिकार छथर गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

**५. प्रश्ताव पेश गर्ने तरिका**

क) प्रश्ताव पेश गर्दा प्राविधिक प्रश्ताव र आर्थिक प्रश्ताव अलग अलग तयार गर्नुपर्नेछ र दुवै प्रश्तावको खाममा कुन प्रश्ताव हो स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । प्राविधिक प्रश्तावमा आफ्नो संस्थाको मानव संशाधनको अवस्था समेत खुलाउनु पर्ने छ ।
ख) यी दुवै प्रश्तावहरु अलग-अलग रुपमा शिलबन्दि गरी सो दुवै खामलाई पुनः एउटै खाममा राखि पेश गर्नुपर्नेछ ।
ग) सर्वप्रथम प्राविधिक प्रश्ताव खोलिने छ र अङ्क ५० प्रतिशत ल्याउने संस्थाहरुको आर्थिक प्रश्ताव खोलिने छ ।
घ) दुवै प्रश्तावको अङ्क जोड्दा सवैभन्दा बढी अङ्क ल्याउने संस्था सफल हुने छ ।
ङ) प्राविधिक प्रश्तावसँग माथि बुँदा नं. ३ मा उल्लेखित कुराहरु पुष्ट्याइँ गर्ने कागजातहरु पनि समावेश गर्नु पर्ने छ ।
च) अन्य कुराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

२०८०/१०/२५
गुणराज बानियाँ
नि. प्रमुख प्रशासकीय अधिकृत